Nepal Rajpatra

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १२ गते २०२७ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालय
### पर्यटन विभागको
### सूचना

यस विभागका शाखा अधिकृत श्री माधवप्रसाद खनाल कलकत्तातर्फ काजमा जानुभएकोले निज फर्की हाजीर हुन नआएसम्मको लागि उक्त पदमा निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यसै विभागका ना. सु. श्री शिवप्रसाद अर्यालको लागि मिति २०२७।८।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

तीर्थराज तुलाधर
निर्देशक ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालय
## पर्यटन विभागको
## सूचना

यस विभागका बडालेखापाल श्री सोमध्वज विष्ट २०२७।६।२३।५ देखि घर-बिदामा बस्नुभएकोले उहाँ फर्की विभागमा हाजीर हुन नआएसम्मको लागि सो पदमा सोही शाखामा काम गरिरहनु भएका ना. सु. श्री कृष्णप्रसाद पनेरूलाई तल सहीछाप गर्ने अधिकारीले निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी उक्त मितिदेखि कायम मुकायम मुकरर गरेको छ ।

तीर्थराज तुलाधर
निर्देशक ।

आधिकारिकता मुद्रण विभागद्वारा प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।